Regd. No.: 1116-074/065/066
सुपर मादी हाइड्रोपावर लि.
SUPER MADI HYDROPOWER LTD.

प.सं. ०८२/०८३
च.नं. ८४

मिति २०८२।०९।१८

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरप्लाजा, सिंहदरवार, काठमाण्डौ ।

श्री प्रशासन तथा जनशक्ति महाशाखा
मिति: २०८२।९।१८

सिडिएस एण्ड क्लियरिङ्ग लि.
दर्ता नं.: ८६६२
मिति २०८२।९।१८

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

**विषय : लक इन अवधि समाप्त हुने सुचना प्रकाशित गरिएको वारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको नेपाल धितोपत्र बोर्डमा दर्ता भएको कुल शेयर मध्ये तपशिलमा उल्लेखित यस कम्पनीका संस्थापक तथा सर्वसाधारणतर्फ आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दा र कर्मचारीहरुको स्वामित्वमा रहेको शेयरको लक इन अवधि (Lock In Period) देहाय वमोजिमको मितिमा समाप्त हुने व्यहोराको सुचना मिति २०८२।०९।१८ गतेको आर्थिक प्रत्रिकामा प्रकाशन गरिएकोले तहाँको जानकारीको लागी अनुरोध छ ।

**तपशिल**

| क्र.सं. | शेयर विवरण | लक इन अवधिमा रहेको कुल शेयर संख्या | लक इन अवधि समाप्त हुने मिति |
|---|---|---|---|
| १ | संस्थापक समुहको शेयर | १८,७४२,५०० | बि.सं. २०८२/१०/२१ (तदनुसार सन् २०२६ फेब्रुअरी ०४) |
| २ | कर्मचारीलाई सुरक्षित शेयर | ४४,१०० | |
| ३ | आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दाहरुलाई सुरक्षित शेयर | १,१०२,५०० | |
| **जम्मा** | | १९,८८९,१०० | |

बोधार्थ :

श्री सानिमा क्यापिटल लिमिटेड, सममार्ग नक्साल, काठमाण्डौ ।

पुष्प ज्योति ढुङ्गाना
कार्यकारी अध्यक्ष

**संलग्न :** १. प्रकाशन गरिएको सूचना प्रति ।

Regd. No.: 1116-074/065/066

**सुपर मादी हाइड्रोपावर लि.**
**SUPER MADI HYDROPOWER LTD.**

ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन नं.: ०१-४५२७०५०, ४५२३५७१
Email : supermadihydro@gmail.com, website: www.supermadihydro.com.np

## Lock In Period समाप्त हुने सम्बन्धी सूचना

प्रकाशन मितिः २०८२/०९/१८

श्री नेपाल धितोपत्र बोर्डको मिति २०८०/०८/२५ गतेको पत्रसंख्या ८०/८१ चलानी नं. १५२३ को पत्रबाट निर्देशन भए बमोजिम यस कम्पनीको नेपाल धितोपत्र बोर्डमा दर्ता भएको कुल शेयर मध्ये तपशिलमा उल्लेखित संस्थापक शेयरधनी तथा सर्वसाधारणतर्फ आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दा र कर्मचारीहरुको स्वामित्वमा रहेको शेयरको लक इन अवधि (Lock In Period) देहाय बमोजिमको मितिमा समाप्त हुने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरु, नियमनकारी निकाय तथा सबै सरोकारवालाहरुलाई जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.सं. | शेयर विवरण | लक इन अवधिमा रहेको कुल शेयर संख्या | लक इन अवधि समाप्त हुने मिति |
|---|---|---|---|
| १ | संस्थापक समूहको शेयर | १८,७४२,५०० | बि.सं. २०८२/१०/२१ (तदनुसार सन् २०२६ फेब्रुअरी ०४) |
| २ | कर्मचारीलाई सुरक्षित शेयर | ४४,१०० | |
| ३ | आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दाहरुलाई सुरक्षित शेयर | १,१०२,५०० | |
| | जम्मा | १९,८८९,१०० | |

*नोट : संचालक तथा कम्पनीको उच्च व्यवस्थापकिय पदमा कार्यरत कर्मचारीहरुको हकमा नियमानुसार शेयर रोक्का रहनेछ ।*

टनकपुरबाट सन्धिअनुसारकै पानी छोडेमा उपयोग गर्ने गरी सिंचाइ पूर्वाधार केही हदसम्म तयार भएका छन् ।

दुई पटक टनकपुरबाट मूल नहरको परीक्षणका लागि पानी छाडिए पनि नियमित छाड्नेबारे भारती पक्षले वार्ता गरेको छैन । यता महाकाली सिंचाइ आयोजना तेस्रो चरणले मूल नहर बनिसकेको क्षेत्रसम्म केही शाखा नहरसमेत तयार भइसकेकाले पानी माग गर्दै आएको छ । राष्ट्रिय गौरवको आयोजना तेस्रो चरणको भौतिक प्रगति दिनप्रतिदिन बढिरहेको भए पनि नहरमा पानी बग्ने विषय भने अझै अन्योल जस्तै छ । कञ्चनपुर र कैलालीको ३३ हजार पाँच सय २० हेक्टर जग्गा सिंचाइ गर्ने लक्ष्यसहित १८ वर्षअघि शुरू भएको महाकाली सिंचाइ आयोजनाको प्रगति २७ प्रतिशत छ । नौ अर्ब रूपैयाँ लगानी भइसकेको छ । आयोजनाको अनुसार निर्माण कम्पनीसँग एक अर्ब ९७ करोड रूपैयाँको सम्झौता गरेर कैलालीको मालाखेतीसम्म १९ किलोमिटर मूल नहर निर्माण चार चरणमा सिंचाइ आयोजना तेस्रो चरणका इञ्जीनीयर राजेश पोखरेलले सिंचाइका लागि पानी ल्याउन पटक-पटक विभाग मन्त्रालय हुँदै पत्राचार गरिएको बताए ।

हामीले भारतीय एनएचपीसीसित समन्वय गर्दा माथिल्लो निकायबाट आदेश आए पानी छोड्ने सबै संरचना तयार रहेको खबर दिन्छ । इञ्जीनीयर पोखरेलले भने, 'यहाँबाट पनि ताकेता भएको छ । तर माथिल्लोस्तरबाटै यस विषयमा पहल हुनुपर्छ ।' सुदूरपश्चिम प्रदेशका पूर्वमन्त्री एवं प्रदेशसभा सदस्य प्रकाश रावलले केन्द्र सरकारले नै महाकाली सिंचाइको काम समयमा सम्पन्न गरेर किसानको खेतबारीमा सिंचाइ सुविधा पुऱ्याउन गम्भीर हुनुपर्नेमा जोड दिए । महाकाली सिंचाइको मूल नहरमा पानी कहिले बग्ने भन्ने विषयमा टुङ्गो नै छैन । उनले भने, 'सिंचाइ सुविधाका लागि प्रदेश र स्थानीय सरकारले भूमिगत सिंचाइमा जोड दिइरहनुपर्ने अवस्था छ ।'

उनले आफू प्रदेशमन्त्री हुँदा महेन्द्रनगरका समाजसेवी लीलाध्वज बस्नेतले सन्धि गर्दाको हतारोका कारण अहिले मूल नहरमा पानी ल्याउन नसकिएको बताए । विना अध्ययन सन्धि गर्दा हामीले अर्बौं लगानी गरे पनि मूल नहरमा पानी नबग्ने अवस्था आयो । बस्नेतले भने, 'यो विषयमा केन्द्रीय सरकारले पहल गर्नुपर्छ ।' सन्धिले महाकाली नदीको पानीको उपयोग सम्बन्धमा पक्षहरुको दायित्व, अधिकार एवं कर्तव्यलाई परिभाषित गरेको छ । कञ्चनपुर र कैलालीको मालाखेतीसम्म सिंचाइ पुऱ्याउने लक्ष्यसहित तेस्रो चरणको निर्माण थालिए पनि यहाँका किसान भने लामो समयदेखि भूमिगत सिंचाइ र आकाशे पानीका भरमा खेती गर्दै आएका छन् ।

सिंचाइको मूल नहर घर आँगनमै पुगे पनि पानी कहिले पुग्ने भन्ने टुङ्गो नै छैन । यहींको बेदकोट नगरपालिकाका किसान भीम चौधरीले भने, 'सिंचाइ सुविधा आउने आशामा वर्षौं बित्यो तर अझै आउने सुरसार छैन ।' नेपाल-भारतबीच महाकाली सन्धि २०५२ सालमा भएको थियो ।

: प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी